आज मिति २०७८/०६/०५ गतेका दिन यस मष्टा गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर कठायत ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरूको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो ।

उपस्थिति

१. गा.पा. अध्यक्ष-श्री कर्ण बहादुर कठायत
२. " उपाध्यक्ष-श्री भगवती कुमारी बोहरा
३. १नं. वडाअध्यक्ष-श्री राजेन्द्र बहादुर खड्का
४. २नं. वडाअध्यक्ष-श्री शेर बहादुर खड्का
५. ३नं. " श्री टेक बहादुर कठायत
६. ४नं. " श्री प्रयागराज उपाध्याय
७. ५नं. " श्री कम्मान आग्री
८. ६नं. " श्री गौरव बहादुर बोहरा
९. ७नं. " श्री बम्म बहादुर बोहरा
१०. गाउँ का.पा. सदस्य श्री बिजुली ओखेडा
११. " श्री गोपाल आग्री
१२. " श्री गिता बोहरा
१३. " श्री राममती कठायत
१४. " श्री कलुदेवी खड्का
१५. " श्री हिउँकला दमाई
१६. सदस्यसचिव श्री अम्मर राज जोशी

आमन्त्रित उपस्थिति

१. ना. प्र. श्री रंगलाल सार्की
२ लेखापाल श्री श्याम ब. थापा
३. सूचना प्र. अधिकृत श्री दीलिप राना
४. गा.पा. ईन्जिनियर श्री दिपक ब. बोहरा
५ स्वास्थ्य संयोजक श्री लोकेन्द्र ब. खड्का
६. पशु सेवा प्राविधिक श्री. शेर ब. कार्की
७ स्वा. सह संयोजक श्री रमेश कु. खड्का
८ का. स. गौरव बहादुर जैहरा
९ [illegible]

## प्रस्तावहरू

**निर्णय नं. १–** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न पदहरूको पदपूर्ति समितिबाट सिफारिस भै आएका ईन्जिनियर, सब ईन्जिनियर र स्वयं सेवक हरुको नियुक्ति समर्थन गर्नै साथै ईन्जिनियर र सब ईन्जिनियर लाई नेपाल सरकारले तोकेको सम्बन्धित स्तर अनुसारको स्केल सुविधा उपलब्ध गराउने र स्वयं सेवकको हकमा बहुक्षेत्रीय पोषण योजना कार्यक्रमले तोकेको रु १२०००।- लाई ८० प्रतिशत मानी गा.पा.ले २०% ले हुने रकम रु ३०००।- थप गरि रु १५०००।- स्केल दिने साथै निजहरूलाई नेपाल सरकारले तोकेको महंगी भत्ता र पोषाक भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २–** प्रस्ताव नं. २ माथी छलफल गर्दा स्वास्थ्य सेवा विभागको मिति २०७५।०५।१६ को निर्णय अनुसार रिलु स्वास्थ्य चौकीमा २ जना हे.अ. कामकाज गर्ने खटाईएकोमा उक्त स्वास्थ्य चौकीमा १ जना हे.अ.को दरबन्दी भएकोले मिति २०७५।०५। १६ च.नं. २०५४ अनुसार रिलु स्वास्थ्य चौकीमा कामकाज गर्ने आउनु भएका हे.अ. श्री भिम बहादुर बोहरालाई मष्टा स्वास्थ्य चौकीमा कामकाज गर्ने गरी खटाउने र निजलाई तलबभत्ता, दशैभत्ता, पोषाक भत्ता उपलब्ध गराउने भन्ने निर्णय गरियो।

**निर्णय नं. ३–** प्रस्ताव नं. ३ माथी छलफल गर्दा प्राविधिकको सर्वेबाट उपयुक्त ठहरिएको स्थानबाट गाउँपालिका सम्म सडक संजाल जोड्ने भन्ने निर्णय गरियो।

**निर्णय नं. ४–** प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय, ७ ओटै वडा कार्यालयहरू, ५ ओटा मा.वि. विद्यालय र ४ ओटा स्वास्थ्य चौकीमा ईलेक्ट्रोनिक हाजिरी सिस्टम थालनी गर्ने र सोको लागि उक्त १६ ओटै स्थानमा ~~स्थानमा~~ आवश्यक प्रविधी जडान गर्ने निर्णय गरियो।

निर्णय नं. ५ — प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गा.पा. मा गहुँको बीउ तथा बिषादी खरिद गरी वडा कार्यालय मार्फत कृषकहरूलाई वितरण गर्ने भन्ने निर्णय गरियो।

निर्णय नं. ६ — प्रस्ताव नं. ६ माथी छलफल गर्दा मष्टा गा.पा. को कार्यालयदेखि प्रहरी चौकी, राष्ट्रिय बाणिज्य बैंक, विषयगत शाखाहरू रहेको कार्यालय हुँदै मुल सडक सम्म जोड्ने गोरेटो बाटो निर्माणको लागि आवश्यक डिजाईन स्टिमेटको आधारमा कार्य थालनी गर्ने र कार्य सम्पन्न प्रतिवेदनको आधारमा सो योजनाको भुक्तानी दिने निर्णय गरियो। साथै कपडे खण्डको पहिरोमा बाटो निर्माणको लागि रू. १०,०००/- भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ७ —

प्रस्ताव नं. ७ माथी छलफल गर्दा गाउँपालिका अन्तर्गतको न्यायिक समिति लगायत विभिन्न विषयगत शाखा, फाँट तथा कार्यालयमा आवश्यक सामाग्री खरिद गर्ने भन्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा पशु सेवा शाखामा आवश्यक पर्ने औषधी तथा खोप खरिद गरि आवश्यकता अनुसार परिचालन गर्ने भन्ने निर्णय गरियो।

निर्णय नं. ९. प्रस्ताव नं. ९ माथी छलफल गर्दा मष्टा गा.पा.मा सडक संजाल जोड्ने भोपुर व्यारेक नजिक सेती नदीमा होम पाईप राखी यातायात सुचारु गर्ने निर्णय गरियो।

निर्णय नं. १० — प्रस्ताव नं. १० माथी छलफल गर्दा यस गाउँपालिकाका उपाध्यक्ष श्री भगवती कुमारी बोहराको लागि १ जना सल्लाहकार राख्ने र निजको पारिश्रमिक मासिक रु. २०,०००/- (बिस हजार) तोक्ने निर्णय गरियो।